# मानव अधिकार पत्र

राष्ट्रिय मानव अधिकार आयोगको नियमित प्रकाशन

बर्ष ४ अङ्क ७ मंसिर-पुस २०७८


## ७३ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको सन्दर्भमा विभिन्न कार्यक्रमहरू सम्पन्न




७३ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको अवसरमा राष्ट्रिय मानव अधिकार आयोगले विभिन्न सङ्घसंस्थाहरूको समन्वय र सहकार्यमा अन्तर्क्रिया, छलफल, प्रभावतफेरिलगायतका कार्यक्रमहरू सम्पन्न भएका छन् । हरिहरभवनस्थित आयोगको केन्द्रीय कार्यलयको प्राङ्गणमा ७३ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रमको प्रमुख आथित्यता सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवा र अध्यक्षता आयोगका माननीय अध्यक्ष तपवहादुर मगरले गर्नुभएको थियो ।

सम्माननीय प्रधानमन्त्री देउवाले कार्यक्रममा उपस्थित सम्पुर्ण महानुभाबहरूलाई शुभकामना व्यक्त गर्दै नेपाल मानव अधिकारका धेरै अन्तर्राष्ट्रिय महासन्धिको पक्ष राष्ट्र बनेको र संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार समितिमा सदस्य रहेको उल्लेख गर्नुभयो । उहाँले सरकार मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्तिप्रतिको दायित्व बोध गर्दै नागरिकको स्वतन्त्रता, समानता, मर्यादा र सम्मानपूर्वक बाँच्न




पाउने अधिकारको प्रत्याभूतिका लागि प्रतिबद्ध रहेको बताउनुभयो । सरकार सदैव सीमान्तकृत र जोखिममा रहेका समुदायका पक्षमा मानव अधिकारको प्रवर्धनको दिशामा लागिरहेको जानकारी गराउनुभयो । यसै सन्दर्भमा उहाँले विश्वव्यापी आवधिक समीक्षाको तेस्रो चक्रमार्फत प्राप्त गरेका सिफारिसमध्ये नेपालले १९६ वटा सिफारिस स्वीकार गरेको र सो सिफारिस कार्यान्वयन गर्न सरकार प्रतिबद्ध रहेको बताउनु भयो । उहाँले सङ्क्रमणकालीन मुद्दाहरूमा पीडित र परिवारमा समेत न्यायको अनूभूति हुने गरि निष्कर्षमा पुऱ्याउन सरका क्रियाशील रहेको उल्लेख गर्नुभयो । नेपालले पालेर्मो प्रोटोकलको अनुमोदन गरी मानव बेचबिखनलाई उन्मूलन गर्न प्रतिबद्ध मुलुकको रूपमा पहिचान स्थापित गरेको उहाँको भनाइ थियो । लोकतन्त्र, मानव अधिकार र कानुनी शासन एकअर्काका परिपूरक रहेको र मानव अधिकारबिना लोकतन्त्र सुनिश्चित हुँदैन । कानुनी शासनबाट मात्र लोकतन्त्र र मानव अधिकार बलियो हुने हुँदा यसमा




सबै लाग्नुपर्नेमा उहाँले जोड दिनुभयो । मानव अधिकार दूरदराजमा बस्ने गरिब, असहाय, वृद्ध, अपाङ्ग,




अशक्त, बालबालिका, सीमान्तकृत समुदायको पनि हो भन्ने कुरा हामी सबैले मनन गर्नुपर्दछ भन्दै आयोगले नागरिक तथा राजनीतिक अधिकारसँगै सीमान्तकृत वर्गका मानव अधिकार संवर्धन र संरक्षणमा थप योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा आयोगका माननीय अध्यक्ष तपबहादुर मगरले नेपाल संयुक्त राष्ट्रसङ्घको सदस्य राष्ट्रका साथै मानव अधिकारसँग सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूको पक्ष राष्ट्रको हैसियतले मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्तिसम्बन्धी प्रमुख दायित्व राज्यको रहेको बताउनुभयो । ती दायित्वहरू राज्यले पूरा गरे-नगरेको बारेमा निगरानी र खबदारी गर्ने र दायित्व बहन नगरेको अवस्थामा राज्यलाई उत्तरदायी बनाउने जिम्मेवारी यस आयोगलाई रहेको उहाँको भनाइ थियो । विश्वव्यापी आवधिक समीक्षाबाट नेपाललाई प्राप्त सिफारिसहरू र दिगो विकासका लक्ष्यहरूको जनताले अनुभूति गर्ने गरी कार्यान्यन गर्नुपर्नेमा उहाँको जोड थियो । द्वन्दकालीन घटनाका पीडितको न्याय प्राप्तीमा नेपाल सरकारले विभिन्न अन्तराष्ट्रिय मञ्चहरूमा प्रतिबद्धता जनाएको स्मरण गराउँदै ती प्रतिबद्धतालाई मूर्तरूप दिन आवश्यक बाँकी कार्य छिट्टै टुङ्ग्याउनुपर्ने उहाँको भनाइ थियो । उहाँले नेपाल सरकारको पाँचौ मानव अधिकार राष्ट्रिय कार्ययोजना जारी भई कार्यान्वयनको चरणमा रहेको अवस्थामा यसको कार्यान्वनमा र मानव अधिकारको प्रत्याभूतिको लागि सबै तहका सरकारलाई

जिम्मेवार बन्न र बनाउन आवश्यक रहेको तर्फ पनि सचेत गराउनुभएको थियो ।

सो कार्यक्रममा Bernardo Cocco, UN Deputy Resident, मानव अधिकार महाभेलाका संयोजक रोशना खड्का र गैरसरकारी महासङ्घ नेपालका अध्यक्ष जीताराम लामाले अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको अवसरमा शुभकामना मन्तव्य राख्नुभएको थियो । कार्यक्रममा आयोगका माननीय सदस्य लिली थापाले स्वागत मन्तय राख्नुभएको थियो । सो कार्यक्रममा संवैधानिक निकायका प्रमुख तथा सदस्यहरू, न्यायधीशहरू, नेपाल सरकारका मुख्य सचिव तथा सचिव, महामहिम राजदुत तथा कुटनीतिक निकायकक प्रमुख तथा प्रतिनिधिहरूको उपस्थिति थियो । यसको साथै सुरक्षा निकाय प्रमुखहरू, सर्वोच्च अदालतका मुख्य रजिष्टार, आयोगका पूर्व सदस्यहरू, नागरिक समाजका प्रतिनिधि, मानव अधिकारकर्मी तथा सञ्चारकर्मीसमेतको सहभागिता रहेको थियो ।

प्रदेश नं. १ शाखा कार्यालय खोटाङ⁄ आयोगको प्रदेश नं. १ शाखा कार्यालय खोटाङले जिल्ला स्थित विभिन्न सङ्घसंस्थाहरूको संयुक्त आयोजनामा ७३ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस एवम् लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान भव्य रूपमा सम्पन्न गरेको छ । कार्यक्रम आयोगसहित १४ सङ्घसंस्थाहरू (दिक्तेल रूपाकोट मझुवागढी नपा, जिल्ला प्रहरी कार्यालय खोटाङ, नेपाल रेडक्रस सोसाइटी खोटाङ, गैरसरकारी संस्था महासङ्घ खोटाङ, महिला मानव अधिकार रक्षक सञ्जाल, आदिवासी जनजाति जिल्ला समन्वय परिषद, नेपाल राष्ट्रिय दलित समाज कल्याण सङ्घ, अपाङ्ग सेवा समाज, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), बालसेवा समाज, मानव अधिकारका लागि महिला एकल महिला, महिला एकता अध्ययन केन्द्र, महिला उद्यमी सङ्घ नेपाल र खोटाङ विकास मञ्च) रहेका छन् ।

## मानव अधिकार चोक स्थापना




जिल्ला सदरमुकाम दिक्तेल बजारको रत्नपार्क–बेसक्याम्पबीचको चोकलाई 'मानव अधिकार चोक' नामाकरण गरी सो चोकको उद्घाटन एवम् घोषणा गर्ने कार्यक्रम सम्पन्न भएको छ । प्रतिनिधि सभाका माननीय सदस्य एवम् कार्यक्रमका प्रमुख अतिथि विशाल भट्टराईबाट उद्घाटन र नगरपालिकाका नगरप्रमुख दीपनारायण रिजालबाट चोकको घोषणा गर्ने कार्यक्रम सम्पन्न गरिएको थियो । आयोग प्रदेश शाखा कार्यालयले नगरपालिकासमक्ष गरेको अनुरोध र पहलमा ७२ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको सन्दर्भमा सो चोकको घोषणा गरिएको हो । जिल्लास्थित राजनीतिक दल, जनप्रतिनिधि, प्रमुख जिल्ला अधिकारी, सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधि, शिक्षक, विद्यार्थी, सञ्चारकर्मीसहित करिब तीन सय जनाको उपस्थितिमा उद्घाटन भएको चोकलाई डिसेम्बर १०, २०२२ अर्थात २०७८ मङ्सिर २४ बाटै प्रचलनमा ल्याउन नगर प्रमुखले अनुरोध गर्नुभएको थियो । कार्यक्रममा यस कार्यालयका कार्यालय प्रमुख श्यामबाबु काफ्लेले चोकको नामाकरण र घोषणामा महत्त्वपूर्ण भूमिका निर्वाह गरिदिनु हुने नगरप्रमुख, उपप्रमुखसहित सम्पूर्ण नगरपालिका परिवार र उद्घाटन गरिदिनुहुने प्रमुख अतिथि माननीय विशाल भट्टराईलाई धन्यवाद दिनुभएको थियो । मानव अधिकार चोकको नामाकरणबाट मानव अधिकारको प्रवर्धन र संस्कृति निर्माणमा यस्ता कार्य महत्त्वपूर्ण हुने उहाँको भनाइ थियो ।

मानव अधिकार र महिला अधिकार विषयक जनचेतना लैङ्गिक/महिला हिंसाविरुद्धको १६ दिने अभियान एवम्



७३ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको अवसरमा जिल्लामा राष्ट्रिय मानव अधिकार आयोग, मानव अधिकार र महिला अधिकार विषयमा छ वटा प्रवर्धनात्मक कार्यक्रम सम्पन्न भएको छ। जिल्लाका केपिलासगढी र ऐंसेलुखर्क गापा, दिक्तेल बहुमुखी क्याम्पस, सरस्वती मावि, पञ्च मावि दिक्तेल र शारदा मावि रावा बेंसीमा सम्पन्न यी कार्यक्रमहरूमा २५६ जना महिला र १६३ पुरुष गरी कुल ४१९ जनाको उपस्थिति रहेको थियो। सम्पन्न कार्यक्रमहरूमा मानव अधिकार, महिला अधिकार, लैङ्गिक हिंसा, राष्ट्रिय मानव अधिकार आयोग र समग्र मानव अधिकारको सम्मान, संरक्षण, संवर्धन र त्यसको प्रभावकारी कार्यान्वयनमा राष्ट्रिय मानव अधिकार आयोगको भूमिकाको बारेमा विस्तृत रूपमा छलफल गरिएको थियो । कार्यालयको तर्फबाट सहजीकरण कार्यालय प्रमुख/उपसचिव श्यामबाबु काफ्ले, मानव अधिकार अधिकृतद्वय चिरञ्जीवी कोइराला र नेत्रबहादुर गौतमले गर्नुभएको थियो। यसैगरी दिक्तेल बहुमुखी क्याम्पसमा विद्युतीय अपराध र मानव अधिकारको विषयमा जिल्ला प्रहरी कार्यालय खोटाङका प्रहरी निरीक्षक सागर साह र ऐंसेलुखर्क गाउँपालिकामा यौन हिंसा विषयमा नेपाल रेडक्रस सोसाइटीका अधिकृत प्रवीण श्रेष्ठले सहजीकरण गर्नुभएको थियो । यसको साथै नेपाल रेडक्रम सोसाइटीको आयोजनामा महिला हिंसाविरुद्ध स्वास्थ्य स्वयंसेवीहरूको भूमिका विषयमा आयोगको सभाहलमा एक छलफल कार्यक्रम पनि सम्पन्न भएको छ।

प्रभातफेरि लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानको समापन एवम् ७३ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको अवसरमा १० डिसेम्बर २०२२ अर्थात २०७८ मंसीर २४ गते आयोगसहित १४ सङ्घसंस्थाको आयोजनामा प्रभातफेरि सम्पन्न भयो । कार्यक्रममा प्रतिनिधि सभाका माननीय सदस्य, जनप्रतिनिधि, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, प्रमुख जिल्ला अधिकारी, सरकारी तथा सार्वजनिक संस्थाका प्रमुख तथा प्रतिनिधि, नेपाल प्रहरी, नेपाली सेनाको उपस्थिति थियो । नागरिक समाजका प्रतिनिधि, मानव अधिकारकर्मीहरू, शिक्षक, सञ्चारकर्मी र सरस्वती माविका विद्यार्थीहरूसमेत उपस्थिति रहेको थियो । प्रभातफेरि दिक्तेल बजारको रत्नपार्क चोकबाट सुरु भई मानव अधिकार चोक उद्घाटन एवम् घोषणा कार्यक्रममा समेत सहभागी भएको थियो । कार्यक्रमपछि मानव अधिकार चोक, बेसक्याम्प, त्रिवेणी चोक, भवनगैरा हुँदै प्रभातफेरि जिल्ला समन्वय समिति खोटाङको सभाहलमा आयोजित कार्यक्रममा संलग्न भएको थियो ।

## हिंसा पीडितहरूलाई आर्थिक सहयोग



अन्तर्राष्ट्रिय मानव अधिकार दिवस तथा लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानको कार्यक्रम सम्मानसहित समापन भएको छ। खोटाङ जिल्लाका हिंसा पीडित हर्कमाया बस्नेत, टीकामाया पुरी, हरिमाया सुन्दास र नरबहादुर गुरुङलाई महिलासँग उपप्रमुख कार्यक्रमअन्तर्गत नगरपालिकाले रु. २०,०००/ हजारका दरले नगद सहयोग गरेको छ । यसको साथै हिंसा पीडित अनाथ एक महिलालाई घर बनाउन निःशुल्क जग्गा उपलब्ध गराएबापत स्थानीय तारानाथ फुयाँललाई सम्मानसमेत गरिएको छ ।

यी कार्यक्रमका साथै आयोगसहित १४ सङ्घसंस्थाहरूको संयुक्त आयोजनामा ७३ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस तथा महिला हिंसाविरुद्धको १६ दिने अभियान सम्पन्न गरियो । कार्यक्रममा दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाकी उपप्रमुख विणादेवी राईको अध्यक्षता र प्रतिनिधि सभाका माननीय सदस्य विशाल भट्टराईको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा आयोगको कार्यालयको तर्फबाट खोटाङ, ओखलढुङ्गा र सोलुखुम्बु जिल्लाको मानव अधिकार अवस्थासम्बन्धी स्थितिपत्र प्रस्तुत गरिएको थियो । सो पत्रमा तीन वटै जिल्लामा २४७ जनाबाट आत्महत्या भएको र महिलाहिंसाविरुद्ध नेपाल प्रहरीमा १७८ वटा घटनाको अभिलेख भएको उल्लेख छ ।

स्थितिपत्र प्रस्तुतिपश्चात् नगर प्रमुख दीपनारायण रिजालले नगरपालिका नगरबासीको विशेषत: आर्थिक र सामाजिक अधिकार संरक्षणमा निरन्तर सक्रिय रहेको भन्दै आयोगले विगत एक वर्षमा गरेका कार्यहरू सन्तोषजनक रहेको बताउनु भएको थियो । कार्यक्रमका प्रमुख अतिथि विशाल भट्टराईले प्रदेश नं. १ शाखा कार्यालयले गरिरहेका कार्यहरू सन्तोषजनक रहेको र आयोगको स्वतन्त्रता र निष्पक्षताको लागि आफू र आफ्नो पार्टीको तर्फबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता पनि व्यक्त गर्नुभएको थियो । कार्यक्रममा समापन मतव्य राख्दै कार्यक्रमका सभापति एवम् नगर उपप्रमुख विणादेवी राईले पनि मानव अधिकार संरक्षण र संवर्धनमा आफू र आफ्नो संस्था सधैं सक्रिय रहने बताउनु भएको थियो ।

## मानव अधिकार राष्ट्रिय कार्ययोजना समीक्षा गोष्ठी सम्पन्न

वाग्मती प्रदेश कार्यालय, सानेपा/आयोगको वाग्मती प्रदेश कार्यालयले मति २०७८ मङ्सिर २४ मा ७३ औं अन्तराष्ट्रिय मानव अधिकार दिवसको सन्दर्भमा नेपाल सरकारको मानव अधिकार राष्ट्रिय कार्ययोजना सम्बन्धमा समीक्षा गोष्ठी मकवानपुरको हेटौंडामा




सम्पन्न गरेको छ । आयोगको वाग्मती प्रदेश कार्यालयका प्रमुख (सहसचिव) यज्ञप्रसाद अधिकारीको अध्यक्षतामा सम्पन्न भएको उक्त गोष्ठीमा प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालय, वाग्मती प्रदेशका माननीय मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेको प्रमुख आतिथि र आयोगका माननीय सदस्य डा. सूर्यप्रसाद शर्मा ढुंगेलको विशेष अतिथि रहनुभएको थियो । अतिथिहरूमा प्रदेशस्थित विभिन्न मन्त्रालयका सचिवहरू, मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारी बाबुराम अर्याल, उच्चअदालत वार एशोसियसनका सचिव अरुण खतिवडा, नेपाल पत्रकार महासङ्घ वाग्मती प्रदेशका महासचिव कृष्ण सारु मगर, गैसस महासङ्घ वाग्मती प्रदेश उपाध्यक्ष आरती पाठक रहनु भएको थियो । कार्यक्रममा प्रदेशस्थित सरकारी कार्यालयका प्रमुखहरू, जिल्लास्थित सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधि, कानुनव्यवसायी, नागरिक समाजका प्रतिनीधि, पत्रकार र मानव अधिकारकर्मीहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रममा मुख्यमन्त्री माननीय पाण्डेले राष्ट्रिय मानव अधिकार आयोग, वाग्मती प्रदेश कार्यालयको वार्षिक गतिविधि पुस्तिका २०७७/०७८ को विमोचन गर्दै

आवाजविहीनहरूको मानव अधिकार संरक्षण गर्न स्थानीय तहसम्म आयोगका गतिविधि पुऱ्याउनु पर्नेमा जोड दिनुभयो । मानव अधिकार हनन्का घट्ना वर्षेनी बढिरहेका तर्फ सङ्केत गर्दै उहाँले मानव अधिकारको रक्षा गर्ने दायित्व सरकारको भएको उल्लेख गर्नुभयो । अहिले तीन तहको सरकार अभ्यासमा रहेकोमा तीनै तहको सरकारले समन्वयात्मक रूपमा काम गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

प्राथमिक तहको पाठ्याक्रममा नै मानव अधिकारका विषयवस्तु समावेश गर्नुपर्ने तर्फ सरकारले सोच्नुपर्ने बेला आएको भन्दै सानैदेखि मानव अधिकार सचेतना जगउन सकेमा मानव अधिकार उल्लंघनका घटनामा कमी आउने उहाँको भनाइ थियो । मानव अधिकार संरक्षणको लागि कारागारलाई सुधार गृहको रूपमा विकास गर्नुपर्ने र यसको लागि आयोगले पहल आवश्यक रहेको र यसका लागि प्रदेश सरकारको सहयोग रहने तत्पर रहको उल्लेख गर्नुभयो ।

कार्यक्रममा आयोगका माननीय सदस्य डा. सूर्यप्रसाद शर्मा ढुंगेलले मानव अधिकार सम्बन्धमा नेपाल सरकारले गरेका प्रतिबद्धता व्यवहारमा लागु गर्न जोड दिनुभएको थियो । मानव अधिकार संरक्षणमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सफल अभ्यासहरूको चर्चा गर्दै उहाँले मानव अधिकार हनन् भएको उजुरी आउने क्रम बढिरहेको जानकारी गराउनु भयो । महिला, दलित, अपाङ्गता भएका, तथा हिंसा पीडितलाई प्रहरी प्रशासन तथा सेवा प्रदायक निकायले सेवा प्रदानको कार्यशैलीमा सुधार आवश्यक रहेको उहाँको भनाइ थियो । मानव अधिकार रक्षकहरूमाथि हुने गरेका हिंसा न्यूनीकरणको लागि विशेष योजना तय गर्न, नेपाल सरकारको मानव अधिकार कार्ययोजना कार्यान्वयनमा प्रतिबद्ध रहन र अन्तर्राष्ट्रिय महासन्धिहरू कार्यान्वयन गर्न योजनागत रूपमा लाग्न उहाँले सरकारलाई आग्रह गर्नुभयो ।

कार्यक्रममा प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालय, बागमति प्रदेशका प्रमूख सचिव किरणराज शर्माले मानव अधिकार प्रत्याभूत गर्न कुनै व्यक्ति, राज्य वा संस्थाको प्रयत्नबाट लागेर मात्रै सम्भव नहुने उल्लेख गर्दै सबैले एकजुट भएर आ-आफ्नो स्थानबाट लाग्नुपर्नेमा जोड दिनुभयो । नीति, रणनीति निर्माणमा मानव अधिकारका विषय र आधारभूत आवश्यकतालाई मनन गरी निर्माण गर्दा कार्यान्वयनमा सहजता आउने उहाँको भनाइ थियो । कार्यक्रममा आयोगको वाग्मती प्रदेश कार्यालयका सहसचिव तथा कार्यालय प्रमुख यज्ञप्रसाद अधिकारीले मानव अधिकार कार्ययोजनाले तोकेको १७ वटा मानव अधिकारका विषयलाई प्रभावकारी रूपमा लागु गर्नुपर्नेमा जोड दिनुभयो ।

आयोगको वाग्मती प्रदेश कार्यालय र प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालय, वाग्मती प्रदेशको संयुक्त आयोजनामा सम्पन्न सो कार्यक्रमको सहजीकरण मानव अधिकार अधिकृत जायश्वर चापागाईंले गर्नुभएको थियो ।

## मानव अधिकार रक्षकसम्बन्धी कार्यक्रम हेटौँडामा सम्पन्न

मानव अधिकार रक्षकको अन्तराष्ट्रिय दिवसको सन्दर्भमा २०७८ मङ्सिर २५ गते वाग्मती प्रदेशमा मानव अधिकार रक्षकको अवस्था र चुनौती सम्बन्धी कार्यशाला हेटौँडामा सम्पन्न भयो। आयोगका माननीय सदस्य डा. सूर्यप्रसाद शर्मा ढुंगेलले मानव अधिकार रक्षकले भोग्नुपरेका अन्तर्राष्ट्रिय अभ्यास र चुनौती सन्दर्भ उल्लेख गर्दै रक्षकहरू एकजुट भएर आवाज उठाउनुपर्नेमा जोड दिनुभयो । आयोगका सहसचिव यज्ञप्रसाद अधिकारी र इन्सेक वाग्मती प्रदेशका प्रमुख कृष्याप्रसाद गौतमले विषयवस्तुमा केन्द्रित रही प्रस्तुतीकरण गर्नुभएको थियो । कार्यक्रममा नागरिक समाजका प्रतिनिधि, महिला, दलित, बालबालिका लगायतसँग सम्बन्धित विषयगत मानव अधिकार रक्षकले मानव अधिकार संरक्षण संबर्धनका लागि आयोगको वाग्मती प्रदेश कार्यालयबाट भएका गतिविधिको सराहना गर्दै स्थानीय तहसम्म पहुँच बिस्तार गर्न जोड दिनुभएको थियो । सो कार्यक्रम गैसस महासङ्घ नेपाल र इन्सेकसँगको सहकार्यमा राष्ट्रिय मानव अधिकार आयोग वाग्मती प्रदेश कार्यालयले आयोजना गरेको थियो । कार्यक्रमको सहजीकरण मानव अधिकार अधिकृत जायश्वर चापागाईले गर्नुभएको थियो॥

## मानव अधिकार राष्ट्रिय कार्ययोजनासम्बन्धी छलफल

मिति २०७८ मङ्सिर २२ गते राष्ट्रिय मानव अधिकार आयोग, वाग्मती प्रदेश कार्यालय, सानेपा, ललितपुर र प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, वाग्मती प्रदेश मकवानपुर, हेटौँडासँगको समन्वयमा प्रमुख सचिव किरणराज शर्मा, सचिव यमलाल भुसाल, प्रदेश स्तरीय सबै मन्त्रालयका सचिवहरू, सुरक्षा निकायका पदाधिकारीहरू समेतको उपस्थितिमा नेपाल सरकारको पाँचौं मानव अधिकार राष्ट्रिय कार्ययोजना अनुरूप प्रदेश समन्वय समिति प्रमुख सचिव किरणराज शर्माको अध्यक्षतामा गठन



भई पहिलो वैठक बस्यो। बैठकमा आयोगको वाग्मती प्रदेश कार्यालयका सहसचिव तथा कार्यालय प्रमुख यज्ञप्रसाद अधिकारीले मानव अधिकार राष्ट्रिय कार्ययोजनाको सम्बन्धमा प्रस्तुतीकरण गर्दै कार्ययोजनामा प्रदेश स्तरीय मानव अधिकार अवस्था समीक्षा गर्ने र प्रदेश सरकारलाई नीतिगत सुझाव दिनुपर्ने प्रमुख दायित्व रहेको बताउनुभयो । कार्यक्रमको सहजीकरण आयोगका मानव अधिकार अधिकृत जायश्वर चापागाईले गर्नु भएको थियो।

लुम्बिनी प्रदेश कार्यालय बुटवल/राष्ट्रिय मानव अधिकार आयोग लुम्बिनी प्रदेश कार्यालय बुटवलले लुम्बिनी प्रदेशमा मानव अधिकारको क्षेत्रमा क्रियाशील सङ्घ सस्था/पेसागत सङ्गठन र नागरिक समाजको संयुक्त आयोजनामा २०७८ मङ्सिर २४ मा ७३ औ

अन्तर्राष्ट्रिय मानव अधिकार दिवस तथा ३० औ अन्तर्राष्ट्रिय लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान समापन गरिएको छ । बिहान प्रभातफेरि, दिउसो “लुम्बिनी प्रदेशको मानव अधिकारको अवस्था” सम्बन्धी अन्तरक्रिया तथा बेलुका दीप प्रज्वलन गरिएको थियो ।

### प्रभातफेरि




७३ औ अन्तर्राष्ट्रिय मानव अधिकार दिवसका अवसरमा आयोग लुम्बिनी प्रदेश कार्यालयको समन्वयमा लुम्बिनी प्रदेश सरकार मानव अधिकारको क्षेत्रमा कार्यरत विभिन्न सङ्घसंस्था तथा नागरिक समाजको सहभागितामा प्रभातफेरि कार्यक्रम सम्पन्न भएको छ । बुटवलको गोलपार्कबाट सुरु भई मुख्यमन्त्री कार्यालय परिसरमा आई त्याली समापन भएको थियो । कार्यक्रममा लुम्बिनी प्रदेशका प्रदेश प्रमुख, लुम्बिनी प्रदेश सरकारका प्रमुख सचिव, लुम्बिनी प्रदेश सरकारका विभिन्न मन्त्रालयका सचिवहरू, सञ्चारकर्मी, नागरिक समाजका प्रतिनिधि, विद्यार्थीहरूको उपस्थिति रहेको थियो । सो अवसरमा प्रदेश प्रमुख अमिक शेरचनले आफू पनि लामो समयदेखि मानव अधिकारको आन्दोलनमा क्रियाशील रहेको उल्लेख गर्दै मानव अधिकारको आन्दोलन निरन्तर चलिरहने भएकाले सरकारलाइ घच्घच्याइ रहनुपर्नेमा जोड दिनुभयो ।

### मानव अधिकारको अवस्था विषयक अन्तरक्रिया

आयोगको लुम्बिनी प्रदेश कार्यालय बुटवलले अन्तर्राष्ट्रिय मानव अधिकर दिवसको अवसरमा लुम्बिनी प्रदेशमा मानव अधिकारको अवस्था विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको छ । कार्यालय प्रमुखको अध्यक्षता र लुम्बिनी प्रदेश सभाका सभामुख माननीय श्री पूर्णबहादुर घर्ति मगरको प्रमुख अतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रममा सहभागिहरूले सङ्क्रमणकालीन न्याय, वातावरणीय अधिकार, तेस्रो लिङ्गिका अधिकार, महिला



हिंसा तथा बाल अधिकारका विषयमा सवालहरू उठाउनुभएको थियो । कार्यक्रमका प्रमुख अतिथि सभामुख माननीय पूर्णबहादुर घर्ति मगरले अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको सम्पूर्णमा संविधानतः प्रदत अधिकारमा प्रतिबद्ध रही अघि बढ्न सबैमा प्रेरणा मिलोस् भनी शुभकामना दिनुभयो । उहाँले मानव अधिकार सापेक्ष हुने भएकाले समाजको गति सूचना, सञ्चार र जीवन शैलीको कारण आपसमा जेलिएर रहने भएकोले एकको संरक्षणमा अर्काको संरक्षण हुने अर्थमा बुझ्न आवश्यक रहेको भन्दै मानिसका आधारभूत अधिकारको संरक्षण गर्न सरकार प्रतिबद्ध हुनुपर्नेमा जोड दिनुभयो ।



प्रदेश सरकारका प्रमुख सचिव श्री डिल्लीराम शर्माले लुम्बिनी प्रदेश सरकार जनताको मानव अधिकारको संरक्षण, संबर्धन र परिपुर्तिका लागि आफ्नो साधन र श्रोतले भ्याएसम्म लागि परिरहेको र सधैं लागि परिरहने बताउनु भयो । आयोग लुम्बिनी प्रदेश




कार्यालयका कार्यालय प्रमुख सन्तोष आचार्यले मानव अधिकार आयोगका दृष्टिकोणबाट लुम्बिनी प्रदेशको मानव अधिकारको अवस्थाका सम्बन्धमा र प्रदेश सरकारको तर्फबाट कानुन सचिव श्री राजेन्द्र थापाले मानव अधिकारको अवस्थाका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा संविधान सभाका सभासद श्री विनोद पहाडी, लुम्बिनी प्रदेशका मुख्य न्यायधिवक्ता श्रीकृष्ण सुवेदी, सिद्धार्थनगर नगरपालिकाका उपप्रमुख श्री उमा काफ्ले लगायतले शुभकामना मन्तब्य राख्नुभएको थियो । कार्यक्रममा सुरक्षा निकायका प्रतिनिधि, अधिकारकर्मी, सञ्चारकर्मी लगायतको उपस्थिति रहेको थियो ।

## दीप प्रज्वलन

७३ औ अन्तर्राष्ट्रिय मानव अधिकार दिवसका अवसरमा आयोगको लुम्बिनी प्रदेश कार्यलय भएको देवीनगरस्थित चौपारीमा साँझमा दीप प्रज्वलन गरेको थियो । कार्यक्रममा बुटवल उपमनपा ११ का वडाध्यक्ष रामचन्द्र क्षेत्री, टोल सुधार समितिका सदस्यहरू तथा नागरिक समाजका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

## लौङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान

आयोगको लुम्बिनी प्रदेश कार्यालय बुटवलको आयोजनामा आयोगको सभाहलमा लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानअन्तर्गत महिला मानव अधिकार रक्षक दिवसको सन्र्दभमा २०७८ मङ्सिर १३, मा अन्तर्क्रिया सम्पन्न गरेको छ । आयोगका लुम्बिनी प्रदेश कार्यालयका कार्यालय प्रमुख उपसचिव श्री सन्तोष आचार्यको अध्यक्षतामा तथा लुम्बिनी प्रदेश सभाका उपसभामुख कृष्णि थारुको प्रमुख आतिथ्यतमा कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा मानव अधिकार तथा शान्ति समाजका सभापति गोबिन्द खनाल, बुटवल उपमनपा ११ का वडाध्यक्ष श्री रामचन्द्र क्षेत्री, नेपाल पत्रकार महासङ्घ रूपन्देहीका अध्यक्ष रामराजा पोखरेल, गैसस महासङ्घका रूपन्देहिका अध्यक्ष रिमा वि.सि., महिला वडा सदस्यसहित शिक्षक, विद्यार्थीलगायतको सहभागिता रहेको थियो ।

कार्यक्रममा आफ्नो मन्तव्य राख्दै प्रमुख अतिथि लुम्बिनी प्रदेश सभाका उपसभामुख कृष्णि थारुले यस अभियानलाइ १६ दिनमात्र होइन, ३६५ दिन नै चलाउनुपर्छ । घर पहिलो पाठाशाला भएको चर्चा गर्दै राम्रा कुरा घरबाटै लागु गर्नुपर्दछ भन्नेमा जोड दिँदै उहाँले खराब संस्कार परिवर्तनको लागि नैतिक शिक्षाको आवश्यकता औँल्याउनु भयो । सबैले आआफ्नो भूमिका निर्वाह गर्नुपर्ने भन्दै हिजो सरकार टाढा थियो, आज घरआँगनमा छ, धेरै कुराको सुविधा पनि छ । यसका बाबजुद् पनि लौङ्गिक हिंसाको घटना घटिरहेका छन । कतिपय घरमै बाबुबाट छोरीको बलात्कार हुने गरेको छ उहाँको भनाइ थियो । न्याय सर्वसाधारणको पहुँचभन्दा बाहिर रहेको तर्फ सङ्केत गर्दै न्याय खोज्न बाँकेबाट हिड्दै-हिड्दै काठमाडौंसम्म पुग्नुपरेको छ, धर्ना दिनुपरेको बताउनुभयो । अतः अब सोचमा परिवर्तन ल्याउन आवश्यक भइसकेको छ, उहाँले जोड दिनुभयो । सो सन्दर्भमा उहाँले लुम्बिनी प्रदेशको व्यवस्थापिकाले ६७ वटा कानुन निर्माण गरेको जानकारी गराउनुभएको थियो ।

गण्डकी प्रदेश कार्यालय पोखरा/राष्ट्रिय मानव अधिकार आयोग पोखराको आयोजना तथा विभिन्न सङ्घसंस्थाको समन्वयमा ७३ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस २०७८ मङ्सिर २४ गते पोखरामा सम्पन्न भएको छ । Reducing Inequalities; Advancing Human Rights अन्तर्राष्ट्रिय र जीवन, मर्यादा, समानता र स्वतन्त्रताको अधिकार :दिगो शान्ति र समृद्धिको आधार ! भन्ने राष्ट्रिय नाराका साथ प्रभातफेरि सम्पन्न गरिएको हो । पोखराको मानव

अधिकार चोक, चिप्लेढुङ्गाबाट ब्यानर प्लेकार्डसहित सुरु भएको र्‍याली पोखरा सभागृहमा पुगी शुभकामना मन्तव्यसहित समापन भएको थियो ।

कार्यक्रममा बोल्दै गण्डकी प्रदेश सभाका सभामुख माननीय नेत्रनाथ अधिकारीले नागरिकको मौलिक हक कार्यान्वयनको लागि विभिन्न ऐन/कानुनहरू निर्माण भएको र नागरिकको मानव अधिकार संरक्षण र संवर्धनका लागि प्रदेश सभामार्फत प्रदेश सरकारको ध्यान केन्द्रित गराउने कार्य भइरहेको उहाँको भनाइ थियो ।

महामारीका समयमा बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, गर्भवती महिलाहरू बढी प्रभावित भएको चर्चा गर्दै आम नागरिकको स्वास्थ्यको अधिकार सुनिश्चित गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख सचिव रविलाल पन्थले प्रदेश सरकार प्रदेशस्तरवाट निर्माण गर्ने कानुनको तर्जुमामा जुटिरहेको र केही नीति तथा कानुनहरू निर्माण भई कार्यान्वयनमा समेत रहेको बताउनुभयो । उहाँले नेपाल सरकारले लागु गरेको पाँचौ मानव अधिकार राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन चरणमा रहेको बताउँदै कार्ययोजनामा रहेका विषयहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दा नागरिकको धेरै मानव अधिकारका सवालहरू सम्बोधन हुने उहाँको भनाइ थियो । आयोगका मानव अधिकार अधिकृत खिमलाल सुवेदीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा कार्यक्रममा प्रदेश मन्त्रालयका सचिवहरू, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिहरू, सरकारी निकाय, नागरिक समाज, मानव अधिकारकर्मी लगायत २०० जनाको सहभागिता रहेको थियो ।

सोही अवसरमा गैरसरकारी संस्था महासङ्घ गण्डकीका अध्यक्ष विना सिलवालसँगको समन्वयमा बृद्धाश्रममा रहेका ५५ जना जेष्ठ नागरिकलाई फलफुल वितरण गरिएको थियो । यसै गरी पोखराको होटल टुरिजम एण्ड म्यानेजमेन्ट कलेजका विद्याथीहरूलाई मानव अधिकार शिक्षा तथा पोखराको मानव अधिकार चोकमा बेलुका दीप प्रज्ज्वलन गरी कार्यक्रमको समापन गरिएको थियो ।

## मानव अधिकार रक्षकको अवस्थासम्बन्धी अन्तरक्रिया




पोखरा मङ्सिर २३, राष्ट्रिय मानव अधिकार आयोग गण्डकी प्रदेश कार्यालय, पोखरा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) गण्डकी प्रदेश कार्यालय, नेपाल पत्रकार महासङ्घ गण्डकी प्रदेश, कोक्याप, एड्भोकेसी फोरम र गैसस महासङ्घ गण्डकी प्रदेशको आयोजनामा २०७८ मङ्सिर २३ गते मानव अधिकार रक्षक दिवसको अवसरमा मानव अधिकार रक्षक र कोभिड १९ ले पारेको असर विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा आयोगका मानव अधिकार अधिकृत टंकप्रसाद खनालले मानव अधिकार रक्षकको अवस्था, चुनौति र नेपाल पत्रकार महासङ्घ गण्डकीका



महासचिव गोविन्द सुवेदीले कोभिड १९ ले पत्रकारमा पारेको असरका बारेमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगका निमित्त प्रमुख खिमलाल सुवेदीले कोभिड १९ ले पारेको असरको चर्चा गर्दै नागरिकले पनि अधिकार र कर्तव्यलाई एकसाथ बोध गर्न आवश्यक रहेकोमा जोड दिनुभयो थियो । गैसस महासङ्घ गण्डकी प्रदेश अध्यक्ष तथा शान्तिको लागि नागरिक समाजका संयोजक विना सिलवालले नागरिकले आफ्नो अधिकारको प्रयोग सही रूपमा आफैं गर्नुपर्ने भन्दै मानव अधिकार रक्षकले आफ्नो कर्तव्यलाई बुझ्न जरुरी रहेको बताउनुभयो । पत्रकार महासङ्घ कास्कीका उपाध्यक्ष जमुना वर्षा शर्माले अन्यायविरुद्धको आवाजले निरन्तरता, अधिकारको उपभोग गर्दा कर्तव्य पनि स्वतः बोध हुनुपर्ने र मानव अधिकारको संरक्षण र प्रवर्धनमा सञ्चारजगतको भूमिका महत्त्वपूर्ण हुनेमा जोड दिनुभयो ।

मानव अधिकार संरक्षण मञ्च कास्कीका अध्यक्ष कमलप्रसाद अर्यालले आजको दिनमा आफै रक्षक र आफै संरक्षक रहेको भन्दै कोभिड १९ ले मानव अधिकार रक्षकहरूलाई पनि असर गरेको र उनीहरू कार्यक्षेत्र संकुचित बनेकोले मानव अधिकार संरक्षण गर्न बनेका नियमलाई पालना गर्नुपर्नेमा जोड दिनुभयो ।

लैङ्गिक हिंसाविरुद्ध १६ दिनमात्रै नभई ३६५ दिन नै आवाज उठाइरहनुपर्ने कोक्याप गण्डकी प्रदेश संयोजक सरु अधिकारीको भनाइ थियो । नेपाल पत्रकार महासङ्घ कास्कीका सचिव यदुनाथ बञ्जारले अधिकार र कर्तव्यसँगसँगै जाने हुँदा हामी अधिकारको माग गर्न पुर्व कर्तव्य पूरा गर्न आवश्यक छ भन्नुभयो । इन्सेक गण्डकी संयोजक शिव खकुरेलले मानव अधिकार रक्षकले विचार र राजनीतिक आस्थालाई छाड्नुपर्ने उल्लेख गर्दै मानव अधिकारको क्षेत्रमा लागेकाहरूले सधै निष्पक्ष रूपमा काम गर्नुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा जिल्लास्थित मानव अधिकारकर्मी, नागरिक समाज, सञ्चारकर्मी, कानुनव्यवसायी लगायतको सक्रिय सहभागिता रहेको थियो ।

सुदुरपश्चिम धनगढी/आयोगको सुदुर पश्चिम प्रदेश कार्यालय धनगढीले विभिन्न कार्यकम ७३ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस तथा ३० औ अन्तर्राष्ट्रिय लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान समापन गरेको छ । प्रदेशमा मानव अधिकारको क्षेत्रमा क्रियाशिल सङ्घसस्था/पेसागत सङ्गठन र नागरिक समाजसँगको संयुक्त आयोजनामा २०७८ मङ्सिर २४ बिहान प्रभातफेरि, दिउसो “सुदुरपश्चिम प्रदेशको मानव अधिकारको अवस्था” सम्बन्धी अन्तरक्रिया तथा साँझ दीप प्रज्वलन गरिएको थियो ।

## प्रभातफेरि




कैलाली जिल्लाका प्रहरी प्रमुख विश्वराज अधिकारी र आयोगका कार्यालय प्रमुख मोहनदेव जोशीले अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको महत्त्वमाथि प्रकाश पार्दै प्रभातफेरिको शुभारम्भ गर्नुभएको थियो । बिहान ८:०० बजे धनगढीको चौराहबाट मानव अधिकारसम्बन्धी चेतना दिने प्लेकार्डसहित सुरु भएको प्रभातफेरिले धनगढी बजारको मुख्य नगर क्षेत्रको परिक्रममा गरेको थियो । सो कार्यक्रममा सरकारी निकाय, सुरक्षा निकाय, मानव अधिकारको क्षेत्रमा क्रियाशील, संस्था, नागरिक समाज, सञ्चार जगतका प्रमुख/प्रतिनिधि गरी १५० जनाको सहभागिता रहेको थियो ।

## सुदुरपश्चिम प्रदेशको मानव अधिकारको अवस्था” सम्बन्धी अन्तरक्रिया

“सुदुरपश्चिम प्रदेशको मानव अधिकारको अवस्था” सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा सुदूरपश्चिम प्रदेश सरकारका आन्तरिक

मामिला तथा कानुन मन्त्री माननीय पूर्णा जोशी प्रमुख आतिथि र प्रदेशका मुख्यन्यायधिवक्ता कुलानन्द उपाध्याय विशिष्ट अतिथि रहनुभएको थियो । अथितिहरूमा कैलालीका प्रमुख जिल्ला अधिकारी किरण थापा, प्रदेश तथा जिल्लास्थित सुरक्षा निकायका प्रमुख, जिल्ला न्यायधिवक्ता राजेन्द्र सिंह भण्डारी हुनुहुन्थ्यो । मानव अधिकारका क्षेत्रमा कार्यरत विभिन्न सङ्घसंस्था/नागरिक समाज, पेशागत सङ्गठन, अन्तराष्ट्रिय गैससका प्रमुख/प्रतिनिधि तथा पीडितहरू गरी १३० जनाको सहभागिता रहेको थियो । कार्यक्रमको अध्यक्षता आयोग प्रदेश कार्यालय प्रमुख मोहनदेव जोशी, सञ्चालन इन्सेक प्रदेश संयोजक खडकराज जोशी, स्वागत गैसस महासङ्घका केन्द्रीय सदस्य सावित्रा घिमिरे र धन्यवाद ज्ञापन ओरेक नेपालका गीता चौधरीले गर्नुभएको थियो ।



अन्तरक्रिया कार्यक्रममा आयोगका कार्यालय प्रमुख मोहनदेव जोशीले कोभिड १९ ले मानव अधिकारको उपभोगमा यस प्रदेशमा परेको समस्याका साथै सुदुरपश्चिमको समग्र मानव अधिकारको अवस्थासम्बन्धी र मुख्य न्यायधिवक्ता कूलानन्द उपाध्यायले मानव अधिकारको क्षेत्रमा प्रदेश सरकारको गतिविधिसम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

प्रस्तुतिपश्चात् भएको खुला छलफल कार्यक्रममा शुक्लाफाँटा आरक्ष पीडित, बाढी पहिरो पीडित, यौनिक अल्पसङ्ख्यक, लैङ्गिक हिंसा पीडित, अपाङ्गता भएका व्यक्ति, मानव अधिकारकर्मी एवम् उपभोक्ता अधिकारकर्मीहरूले आआफ्नो भनाइ राख्नुभएको थियो । सहभागीहरूबाट उठाइका सवालहरूलाई जिल्ला सरकारी वकिल, जिल्ला प्रहरी कार्यालय प्रमुख, कैलालीका प्रमुख जिल्ला अधिकारीले सम्बोधन गर्नुभएको थियो । प्रमुख अतिथि माननीय मन्त्रीले प्रदेश सरकारबाट यस वर्षको नीति कार्यक्रममा मानव अधिकार संरक्षणका लागि समावेश गरिएका विषयवस्तुको बारेमा जानकारी गराउदै कोभिड १९ र सुदुरपश्चिम प्रदेशमा आर्थिक सामाजिक अधिकार उपभोगमा परेको समस्याको चर्चा गर्नुभएको थियो । प्रदेश सरकार राष्ट्रिय मानव अधिकार कार्ययोजना कार्यान्वयनको लागि प्रतिबद्ध रहेको उल्लेख गर्दै यस प्रदेशमा महिलामाथिको मूलत घरेलु हिंसा र आत्महत्या, बलत्कारका घटनाहरूमा वृद्धि हुनु सबैको लागि चिन्ता र चासोको बिषय हो । यसमा सरकारले आवश्यक रणनीतिसहित सुरक्षानिकाय र सरोकारबालासँग समन्वय र सहकार्य गर्दै आएको उहाँको भनाइ थियो । यस्ता मुद्दामा घरपरिवार र समुदाय सबै जिम्मेवार हुनपर्नेमा उहाँको जोड थियो । उहाँले सहभागीहरूका जिज्ञासाहरूलाई सम्बोधन गर्दै मानव अधिकारको संरक्षणको लागि आयोगसँग समन्वय र सहकार्य गर्ने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो ।

## दीप प्रज्वलन



साँझ ५:३० बजे धनगढीको पार्कमोडमा दीप प्रज्वल कार्यक्रम सम्पन्न भएको छ । कार्यकमममा सरकारी निकाय तथा सुरक्षा निकायका अधिकारी, अधिकारकर्मी, सञ्चारकर्मी र सर्वसाधारण गरी ६० जनाको सहभागिता रहेको थियो । कार्यक्रममा जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक विश्व

अधिकारी र आयोगका कार्यालय प्रमुख मोहनदेव जोशीले आफ्ना भनाइ राख्नुभएको थियो ।

## अन्तर्राष्ट्रिय लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान



मङ्सिर २३ गते कञ्चनपुर जिल्लाको वेदकोट नगरपालिकामा राष्ट्रिय मानव अधिकार आयोग धनगढी र इन्सेकको आयोजनामा विश्वव्यापी मानव अधिकार समीक्षा (तेस्रो चरण), दिगो विकास लक्ष्य र पाँचौं मानव अधिकार राष्ट्रिय कार्ययोजनामा महिला अधिकारको बिषयमा अन्तरसंवाद् कार्यक्रम सम्पन्न भएको छ । वेदकोट नगरपालिकाका उपप्रमुख सुशिला सिहंको प्रमुख आतिथ्यता रहेको सो कार्यक्रममा नगरपालिकाका विभिन्न वडाका वडाध्यक्ष, सदस्यहरू तथा नगरपालिकाका विभिन्न शाखाका प्रमुखहरूको सहभागिता रहेको थियो ।

उक्त कार्यक्रममा आयोगका कार्यालय प्रमुख मोहनदेव जोशीले महिला हिंसाविरुद्धको १६ दिने अभियानको पृष्ठभूमि र युपीआर तेस्रो चरणबाट महिला अधिकारको सम्बन्धमा प्राप्त सुझावहरू, दिगो विकास लक्ष्यअर्न्तगत महिला अधिकारका बिषयवस्तु र पाँचौ मानव अधिकार राष्ट्रिय कार्ययोजना अन्तर्गत महिला अधिकार विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । प्रमुख अतिथि उपप्रमुख सुशीला सिंहले बेदकोट नपाले महिला अधिकार संरक्षणको क्षेत्रमा गरेका गतिविधिबारे जानकारी गराउदै विश्वव्यापी समीक्षा, दिगो विकास लक्ष्य र मानव अधिकार कार्ययोजनालाई कार्यान्वयन गर्ने प्रतिबद्धता जाहेर गर्नुभयो । कार्यक्रमको सञ्चालन इन्सेकका प्रलेख अधिकृत कृष्ण वि.क ले गर्नुभएको थियो ।

## विश्वव्यापी आवधिक समीक्षा र सन्धिजनित समितिहरूबाट प्राप्त सुझावहरूको कार्यान्वयन अवस्था सम्बन्धी अनुगमन कार्यक्रम सम्पन्न

आयोगको अन्तर्राष्ट्रिय सन्धि अनुगमन महाशाखाले विश्वव्यापी आवधिक समीक्षा र सन्धिजनित समितिहरूबाट प्राप्त सुझावहरूको कार्यान्वयन अवस्थाका सम्बन्धमा अनुगमन सम्पन्न गरेको छ । प्रदेश नं. १ को ओखलढुङ्गामा २०७८ पुस ४–१० सम्म



सम्पन्न सो कार्यक्रमका सन्दर्भमा सदरमुकाममा एक दिने अन्तरक्रिया कार्यक्रमसमेत आयोजना गरिएको थियो । प्रमुख जिल्ला अधिकारीको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त अन्तरक्रिया कार्यक्रममा विभिन्न सरकारी निकायका प्रतिनिधिहरू, मानव अधिकारकर्मी, नागरिक समाजका प्रतिनिधिहरू र सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो ।

अनुगमनका क्रममा विश्वयापी आवधिक समीक्षाको सिफारिस कार्यान्वयनमा स्थानीय निकायको महत्वपर्ण भूमिका रहने भए पनि स्थानीय जानकार नरहेको पाइएको थियो । सुधारमुखी एवम् महिलामैत्री कानुनको बावजुद महिलाको स्थितिमा अपेक्षित सुधार आउन नसकेको, समाजमा अपहेलित अवस्थामा रहनुपरेको, महिला हिंसा, बालविवाह व्यापक रूपमा हुने गरेको देखिएको थियो ।

## हवाई उडान र नागरिकको उपभोक्ता अधिकारका सम्बन्धमा छलफल

पुस ३० गते आयोगको अन्तराष्ट्रिय सन्धि अनुगमन महाशाखाको आयोजनामा हवाई उडान र नागरिकको उपभोक्ता अधिकारसम्बन्धी छलफल कार्यकम सम्पन्न भएको छ। कार्यक्रममा सन्धि अनुगमन महाशाखाले ( त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र विभिन्न विमान सेवा प्रदायक कम्पनीहरू) र प्रदेश र प्रदेश शाखा कार्यलयहरूले आआफ्नो क्षेत्रभित्र पर्ने विमानस्थलहरूमा गरेको अनुगमनबाट प्राप्त तथ्यहरूका सम्बन्धमा महाशाखा प्रमुख उपसचिव मञ्जु खतिवडाले प्रस्तुतिकरण गरिएको थियो।

प्रस्तुतिकरणमा तोकिएको समयमा हवाई उडान नहुने र घण्टौंसम्म यात्रुहरूले सास्ती भोग्नुपर्ने लगायतका तथ्य समावेश थिए । यी पक्षलाई सम्बोधन गर्न सरोकारवालाहरूलाई जिम्मेवार बनाउन आयोगले खेल्नुपर्ने भुमिकाका सम्बन्धमा सुझावहरूसमेत प्रस्तुत गरिएको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै आयोगका माननीय अध्यक्ष र सदस्यहरूले यात्रुहरूको उपभोक्ता अधिकारको सम्मान र संरक्षणमा सबै सरोकारवाला पक्षहरू जिम्मेवार बन्नुपर्ने धारणा व्यक्त गर्नुभएको थियो ।आयोगका माननीय अध्यक्ष तपबहादुर मगरको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा नागरिक समाज, गैरसरकारी सङ्घसंस्थाका प्रतिनिधि एवम् सञ्चारकर्मीहरूको सहभागितामा रहेको थियो । सो कार्यकममा कामु सचिव मुरारीप्रसाद खरेलले स्वागत गर्नुभएको थियो ।

## मानव अधिकार अवस्था अनुगमन

आयोगको टोलीले २०७८/०८/०३ देखि २०७८/०८/११ सम्म काभ्रे र धादिङ जिल्लाको मानव अधिकार अवस्थाको स्थलगत अनुगमन गरेको छ । टोलीमा आयोगको अन्तर्राष्ट्रिय सन्धि अनुगमन महाशाखाबाट मानव अधिकार अधिकृत खिमानन्द बस्याल र सहायक प्रथम डेगराज भट्टराई रहनुभएको थियो । मानव अधिकारको सम्मान, संरक्षण र संबर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्न सहयोग पुऱ्याउनु अनुगमन उद्देश्य रहेको थियो । टोलीले २०७८/८/५ मा काभ्रे र ९ गते धादिङमा मानव अधिकारको क्षेत्रमा कार्यरत गैरसरकारी महासङ्घका प्रतिनिधि, सञ्चारकर्मी र जिल्ला बार एशोसिएसनका पदाधिकारीहरूबीच अन्तर्क्रिया तथा छलफल गरेको थियो ।

## संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार समितिमा पेस गर्ने वैकल्पिक प्रतिवेदनउपर सुझाव सङ्कलन

राष्ट्रिय मानव अधिकार आयोगले संयुक्त राष्ट्रसङ्घीय समितिमा पेस गर्ने वैकल्पिक प्रतिवेदन तयार गर्ने क्रममा प्रदेशस्तरीय छलफल सम्पन्न गरेको छ । माननीय सदस्य लिली थापाको अध्यक्षतामा २०७८ पुस २१ गते धनुषाको जनकपुरमा सम्पन्न कार्यक्रममा प्रतिवेदनको मस्यौदामाथि छलफल गरी सुझाव सङ्कलन गरिएको थियो ।

कार्यक्रममा परामर्शदाता/विज्ञ कपिल अर्यालले संयुक्त राष्ट्रसङ्घीय समितिमा पेस गर्ने वैकल्पिक प्रतिवेदन मस्यौदा प्रस्तुतीकरण गरिएको थियो। बाल अधिकारको क्षेत्रमा क्रियाशील सङ्घसंस्थाका प्रतिनिधि, सरकारी निकायका प्रतिनिधि, नेपाल प्रहरी, बाल क्लब, किशोर-किशोरी सञ्जाल, स्थानीय जनप्रतिनिधिहरू, सञ्चारकर्मी र सरोकारवाला निकायका प्रतिनिधिहरू गरी ९९ जना सहभागीहरूको उपस्थिति रहेको थियो ।

## कृत्रिम बुद्धिमत्ता (Artificial intelligence AI) र मानव अधिकारसम्बन्धी कार्यक्रम

राष्ट्रिय मानव अधिकार आयोग र काठमाडौं विश्व विद्यालयको संयुक्त आयोजनामा मिति २०७८/९/२५ गते आयोगमा कृत्रिम बुद्धिमत्ता र मानव अधिकारसम्बन्धी कार्यक्रम आयोजना गरिएको छ । उक्त कार्यक्रममा काठमाडौं विश्वविद्यालय इञ्जिनियरिङ विभागका डीन प्रो. डा. मनिष पोखरेल र प्रो.डा. बालकृष्ण बलले प्रस्तुतिकरण गर्नुभएको थियो ।

कार्यक्रममा कृत्रिम बुद्धिमत्ताले मानव अधिकारमा पार्ने सकारात्मक तथा नकारात्मक असरहरूका बारेमा

छलफल गरिएको थियो । यसको साथै यस विषयमा काठमाडौं विश्वविद्यालय र आयोगबीचमा आगामी दिनमा हुन सक्ने सहकार्यका सम्बन्धमा समेत छलफल गरिएको थियो । कार्यक्रमको अध्यक्षता आयोगका अध्यक्ष तपबहादुर मगरको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रममा आयोगका माननीय सदस्यद्वय डा. सूर्य ढुंगेल र मनोज दुवाडीले कृत्रिम बुद्धिमत्ताको प्रयोगले मानव अधिकारको क्षेत्रमा थप प्रभावकारीता ल्याउन सक्ने भनाइ राख्नुभएको थियो । कार्यक्रममा आयोगका कर्मचारी तथा पदाधिकारीहरूको सहभागिता रहेको थियो ।

## आयोगका विभिन्न कार्यालयबाट २०७८ मङ्सिर र पुस महिनामा भएका निर्णय

| महिना | सिफारिस | | तामेली | खारेज | जम्मा फछ्र्यौट | पुनः पेस गर्ने | जम्मा निर्णय |
|---|---|---|---|---|---|---|---|
| | नीतिगत | उजुरीगत | | | | | |
| मङसिर, २०७८ | १ | ४ | १७ | - | २२ | ३ | २५ |
| पुस, २०७८ | १ | ११ | २० | २ | ३४ | ७ | ४१ |
| जम्मा निर्णय | २ | १५ | ३७ | २ | ५६ | १० | ६६ |


**संयोजन/सम्पादन मण्डल**

कैलाशकुमार सिवाकोटी
दुर्गा पोखरेल
पवन भण्डारी

सूचना प्रविधि, प्रतिवेदन, प्राज्ञिक अनुसन्धान तथा प्रकाशन महाशाखा

राष्ट्रिय मानव अधिकार आयोग, केन्द्रीय कार्यालय, ललितपुर